# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असोज ५ गते

### नेपालको संविधानले लोकतन्त्र र मानव अधिकार सुनिश्चित गर्नेमा आयोग विश्वस्त ।

नेपाली जनताको दशकौं लामो अकांक्षा, चाहना र प्रयास पछि नेपाली जनताका प्रतिनिधिबाट २०७२ साल असोज ३ गते अत्यधिक वहुमतबाट पारित भई जारी भएको नेपालको संविधानलाई राष्ट्रिय मानव अधिकार आयोगले एउटा ऐतिहासिक दस्तावेज तथा लोकतन्त्र र मानव अधिकारको आधार स्तम्भको रुपमा लिएको छ । यसबाट आमनेपाली नागरिकको पहिचान, मर्यादा, स्वतन्त्रता र समानताको सुनिश्चिता हुनेछ भन्ने विश्वास आयोगले लिएको छ ।

संविधानकै विषयलाई लिएर विगत लामो समयदेखि राजनीतिक दलहरुले गरिरहेको विरोध प्रदर्शन, बन्द हड्तालमा सुरक्षाकर्मी र प्रदर्शनकारी बिच झडप हुँदा सुरक्षाकर्मी तर्फ १० र प्रदर्शनकारी तर्फ ३१ जना गरी अहिलेसम्म ४१ जनाको मृत्यु भइसकेको आयोगको अनुगमनबाट पाइएको छ । बन्द हड्तालबाट उत्पन्न परिस्थितिले आमनेपाली नागरिकको दैनिक जीवनयापन, रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा आवागमन जस्ता मानव अधिकारका मूलभूत विषयहरुमा पर्न गएको प्रभावप्रति आयोग गम्भीर चासो र चिन्ता प्रकट गर्दछ ।

पहिचान, अस्तित्व र मर्यादा सबैको लागि अति प्रिय हुने र बन्द हड्ताल, विरोध प्रदर्शन वा वल प्रयोगबाटै यस्ता विषयहरुको दीर्घकालीन समाधान सुनिश्चित नहुने भएकोले यस्ता गतिविधिहरु रोकी आयोग नेपाल सरकार र आन्दोलनरत पक्षलाई तत्कालै वार्ता र संवाद मार्फत समस्याको निकास खोज्न पुनः आग्रह गर्दछ । निर्वाचित जनप्रतिनिधिद्वारा जारी नयाँ संविधानका सवल र दुर्वल पक्षहरुको तथ्य परक विश्लेषण गरी अत्यधिक लचकताका साथ ठोस निष्कर्षमा पुग्न आयोग दुवै पक्षलाई आग्रह गर्दछ ।

संवादहीनताको कारण देशका विभिन्न जिल्लाहरुमा बालबालिका, महिलाहरु सहित निर्दोष नागरिकहरुले जीवन गुमाउन बाध्य हुने परिस्थिति सृजना हुनु मानव अधिकारको दृष्टिबाट क्षम्य नहुने र शान्तिपूर्ण आन्दोलन भनिएपनि निजी सम्पत्ति आगजनी र तोडफोड गर्नुले आन्दोलनरत पक्षको शान्तिपूर्ण प्रदर्शन गर्न र भेला हुन पाउने संवैधानिक अधिकारलाई संकुचित गर्ने र त्यसबाट आफ्ना जायज मागहरु समेत ओझेलमा पर्न सक्नेतर्फ सजग रहन पनि आयोग आग्रह गर्दछ । कुनै पनि पक्षले आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकारको सम्मान गर्नुपर्ने तथा वल प्रयोग गर्दा कानूनको परिधि भित्रै रहेर काम गर्न आयोग सम्बन्धित पक्षको पुनः ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org